**सखुवा प्रसौनी गाउँपालिका**

स्थानीय राजपत्र

खण्ड २ संख्या ३ मितिः २०७९।**०५**।**०१**

**भाग–१**

सखुवाप्रसौनी गाउपालिका

सखुवा प्रसौनी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा **ऐन**, २०७९

**प्रमाणिकरण मितिः–२०७९।०४।३१**

प्रस्तावनाः

सखुवा प्रसौनी गाउँवासीहरुका आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने जिम्मेवारी गाउँपालिकाले महशुस गरी सो को ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले,

नेपालका संविधान २०७२ को धारा २२१ अनुसार संविधानका अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाइ कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम सखुवा प्रसौनी गाउँपालिकाको नवौं गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनलाइ सखुवा प्रसौनी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ सेवा ऐन, २०७९ भनिने छ।

(ख) गाउ सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)“ऐन”भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७९ लाइ सम्झनु पर्छ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएका ऐनलाइ बुझनु पर्दछ।

(ग) “कार्यपालिका” भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झन पर्दछ।

(ङ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाका समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाइ सम्झनु पर्दछ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाइ सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

(क) सरकारी वा सामुदायिकः

सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

(ख) निजीः

निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुका अधिनस्थः

ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गर वमोजिम हुने छ ।

५. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ । यस समितिका गठन यस प्रकार हुने छः

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुइ वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेका १ जना - सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वष परिवर्तन हुने गरी कार्यपालिकाल तोकेका १ जना - सदस्य

(ङ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफनो कार्य क्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालकिालाइ आवश्यक राय प्रदान गर्ने

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाका पहच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँपालकिालाई स्वास्थ्य तथा सरसफाइ क्षत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाका छुटटाछुटटै व्यवस्थापन समिति गठन गरिने छ ।
क गाउँपालिका अध्यक्ष - सँरक्षक

(क) सम्वन्धित वडाध्यक्ष –अध्यक्ष

(ख) निर्वाचित वडा समितिबाट महिला १ जना –सदस्य

(घ) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक –सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव –सदस्य

(च) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख –सदस्य सचिव
स्थानीय व्यपार संघबाट - १ जना सदस्य

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाइ सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. बैंक खाता संचालनः

हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समितिका अध्यक्ष / वडा सचिव र सदस्य सचिवका संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः २

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका मापदण्ड पुरा गर्ने गरी तोकिएबमोजिम क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्ता अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडामा १ वटा स्वा.चौकी संचालन गर्ने छ तथा जनसंख्याको आधारमा ७००० भन्दा जनसंख्या भएको वडामा एउटा सामुदायिक स्वा. क्लिनिक स्थापना गर्ने छ :

(२.१) स्वास्थ्य चौकी देहाय बमोजिमको जनशक्ति हुनेछ ।

क हे.ई ६ तह - १

ख हे.ई ५ तह - १

ग हे.ई ४ तह - २

घ क.न. ४/५ तह- २

ङ का.स. - १

च ल्याब अ.- आवश्यकता अनुसार

२.२ सामुदायक स्वास्थ्य क्लिनिकमा देहाय बमोजिमको जनशक्ति हुनेछ ।

क हे.ई ५ तह - १

ख क.न. ४/५ तह- १

३ गाउँ कार्यपालिकाको निर्णय अनुसार तोकिएको स्वास्थ्य संस्थाबाट २४ घण्टा आकस्मिक स्वास्थ्य सेवा संचालन गर्ने छ ।

३.१ २४ घण्टा आकस्मिक स्वा. सेवा संचालन हुने स्वा. चौकीमा देहाय अनुसार जनशक्ति थप गरिनेछ।

क हे.ई ५ तह - १

पाले - १

३.२. २४ घण्टा आकस्मिक स्वा. सेवा संचालन हुने स्वा. चौकीमा आवश्यकता अनुसार पालिका भरीका सबै स्वा. कर्मिहरुलाई थप सेवा सुविधा दिई परिचालन गर्न सकिनेछ।

४. स्वा. संस्थाको प्रमुख तहगत जेष्ठताको आधारमा हुनेछ।

५. स्तरवृद्धि सम्बन्धी व्यवस्था

५.१ गाउँपालिका अन्तरगत कार्यरत स्थायी स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि नेपाल स्वा. सेवा एन २०५३ अनुसार हुनेछ।

५.२. माथि दफा नं. ५.१ मा जुनसुकै कुरा लेखिए तापनि स्वा. सेवा ऐन २०५३ को दफ ९ (ख) वा १७ (३) बमोजिम पदस्थापन भएका स्वास्थ्यकर्मीलाई ५ वर्ष पुरा भई २ आ.व. का.स.मु मा उतम अंक प्राप्त गरेमा १ तह स्तरवृद्धि गरिनेछ।

५.३ स्तरबृद्धि पश्चात नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ बमोजिम पदनाम दिइने छ।

(६) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितका भवन

(७) उपकरणः पाथमिक उपचारका आधारभूत उपकरण,

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका राकथाममुलक र वैकल्पीक चिकित्सा सेवाका प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रका स्थापना र सञ्चालन गर्नेछ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने : (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गन चाहेमा नियमावली बमोजिम तोकिएबमोजिमको शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीका लागि तोकिएका ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनका स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा गाउँपालिकाले तोकेका समयमा तोकियबमोजिमको मापदण्ड पुरा गरेमा यस्ता अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएका पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँपालिकाको कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएका मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ।

१०. अस्पताल संचालन गन आवश्यक मापदण्डः
नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था स्थापना संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७० बमोजिम हुनेछ ।

११. पोलिक्लिनिक संचालनका अनुमतिः

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था स्थापना संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७० बमोजिम हुनेछ ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था स्थापना संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७० बमोजिम हुनेछ ।

१३. फार्मेसी संचालनको अनुमती

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाका विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालका वसोवास ठेगाना प्रमाण भएका कागजात र वडा कार्यालयका सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितका आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः

(१) स्वास्थ्य संस्था, प्रयागशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएका मापदण्ड पुरा नभएका तर झक्याएर विवरण दिएका वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीका लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिल रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्ता प्रयोगशाला वन्द गराउन सक्न, सञ्चालकलाइ कालोसूचीमा राखी आम जनतालाइ सार्वजनिक संचार माध्यमबाट जानकारी दिइने छ ।

(२) फार्मेसीका हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

१५. सहुलियत र छुटका व्यवस्था गर्नुपर्नेः

निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्न शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेदः ३

## स्वास्थ्यकर्मी तथा स्वास्थय स्वयंसेवा सम्बन्धी व्यवस्था

१६. स्वास्थ्यकर्मीका व्यवस्थापनः

गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन :

(१) स्थायीः नेपाल सरकारका स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्यकर्मीहरु

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूण छात्रवृत्तिमा अन्यत्र गइ स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाइ अभ्यासकता स्वास्थ्यकर्मीका रुपमा गाउँपालिकाले भना गर्न सक्न छ । यस्ता अभ्यासकर्तालाइ वढीमा १ वर्षको लागि भना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकता र स्वयंसेविकालाइ पनि काममा लगाउन सकिन छ ।

१७. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाका व्यबस्थाः

स्वास्थ्य सेवालाइ घरघरका पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले महिला स्वास्थ्य स्वयंसविकाहरु नियूक्त गर्न सक्नेछ ।

१) महिला स्वा. स्वयं सेविका सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले जारी गरेको राष्ट्रिय महिला सामुदायिक स्वा. स्वयं सेविका कार्यक्रम रणनिति २०६७ (पहिले संशोधन २०७६) बमोजिम हुनेछ ।

१८. स्वास्थ्यकर्मीका सेवा सुविधाः

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सररकारले तोकेका स्केल वमोजिम तलव र नगर कार्यपालिकाले तोक वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचका समझदारीमा भएका करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकता स्वास्थ्यकमी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएका

समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

१९. स्वास्थ्यकर्मीका दरवन्दी निर्धारण र नियूक्तिः

सरकारी स्वा. संस्थाहरुमा नेपाल सरकार स्वा. तथा जनसंख्या मन्त्रालयले स्वीकृत दरबन्दी बमोजिमको स्वास्थ्यकर्मी रहनेछन् तथा सामुदायिक स्वास्थ्य क्लिनिकमा स्वास्थ्यकर्मी दरबन्दी यसै एनको दफा ८ को २.२ अनुसार हुनेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहन छन । समायोजनमा नआएका कर्मचारीहरुका हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकमी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमका छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) गाउँपालिकाको प्रशासन शाखा प्रमुख – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(घ) आवश्यकता महसुस भएमा सेवा संचालन गर्ने प्रदेश कार्यालको प्रतिनिधि तथा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि आमन्त्रीत गर्न सक्ने छ ।

(३) छनोट समितिले आफनो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. कर्मचारी सरुवाः

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुन एक स्वास्थ्य संस्थामा अधिकतम ५ वष सेवा गर पश्चात अका स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ । विशेष परिस्थिती बाहेक न्यूनतम ३ वष एउट स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्का स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफनो क्षेत्रभित्रका कुन पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः

स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताका प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका प्रमुखका रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेन अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार काम भए नभएका मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने काय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँपालिकाको कार्यपालिकामा पेश गर्नु पर्नेछ।

२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुका कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रा नतिजा हासिल गर्ने कर्मचारीलाइ पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गन कर्मचारीलाइ दण्डित गर्नु पर्दछ।

(२) कार्यसम्पादन सम्झाताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँपालिकाको कार्यपालिकाले तोक बमोजिम हुनेछ।

परिच्छेद: ४

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वाषिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणका अनुमान र खरिद गन वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाका सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणका खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुका प्रावधान अनुसार गर्नुपर्ने छ।

२५. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण

(१) खरिद गरिएका औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणका व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीका खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

परिच्छेद ५

स्वास्थ्य सेवाका न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएका अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) वायु तथा ध्वनी प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीका क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम गाउँ कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

**परिच्छेद ६**

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सा को जानकारी २४ घण्टा भित्र नजिकका सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाइ टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाइ नसर्ने रोग लागेमा सा को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसविकालाई टिपोट गराउन पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी

विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाइ भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्ता परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीयस रकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लाग पदार्थजन्य वस्तुका विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुका निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

३२. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्यक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएका मापदण्डलाइ वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन ।

(३) घर निमार्ण गदा शाचालयका फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएका हुनुपर्ने छ ।

(४) एक परिवारका सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएका कारण अका परिवारमा हानी नोक्सानी पर्न गएमा सो का क्षतिपूर्ति हानी पुरयाउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएका अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम पदान गर्न सक्ने छ ।

## परिच्छेद ७

## विविध

३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान कन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिश लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पन नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएका हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३४.राष्ट्रिय तथा प्रादेशिक अभियानलाइ सघाउ पुऱ्याउनु पर्नेः

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाइ गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३५. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुका क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफनो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुका सहायता प्राप्त गर्न सक्नेछ ।

३८. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

३९. नियम बनाउने अधिकारः

(१) यस ऐनका उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक निदशिका बनाइ लाग गर्न सक्नेछ ।

४०. संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

४१. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुन बाधा-अडकाउ परेमा गाउँपालिकाले त्यस्ता बाधा अडकाउ हटाउन आदेश जारी सक्नेछ र त्यस्ता आदेश यस ऐनमा परे सरह मानिनेछ । तर यस्ता आदेश गाउँपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

४२. बचाउ र लाग नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।